म्याग्दे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छाङ, तनहुँ

२०७३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४

चलानी नं.: ५

मिति :२०८३/०४/०१

**विषय** : प्राविधिक प्रर्तिवेदन पेश गर्ने सम्बन्धमा ।

श्री शहरी तथा पुर्वाधार विकास शाखा प्रमुख ज्यु , /वातावरण शाखा प्रमुख ज्यू ,/ राजश्व व्यवस्थापन उपशाखा प्रमुख ज्यू ,/सम्वन्धीत वडा प्राविधिक ज्यू / नापी सर्भे उपशाखा अमिन ज्यू / नगरप्रहरी कमाण्डर ज्यू म्याग्दे गाउँपालिका तनहुँ ।

प्रस्तुत विषय सम्वन्धमा मिति २०८३।०३।२५ मा वसेको गाउँकार्यपालिका र राजश्व परामर्श समितिको वैठकको निर्णय अनुसार आर्थिक वर्ष २०८२।०८३ मा नदीजन्य पदार्थहरु, निजीजग्गा तथा लिलाम विकी भएका मालसामानको ठेक्का तथा सम्झौता भई सोही आर्थिक वर्षमा विकी गर्न नसकी वाकी रहेका नजीजन्य पदार्थहरुको यही मिति २०८३।०७।३० सम्म विकी गर्नेगरी स्टक प्रमाणीकरण गर्नेगरी सूचना प्रकाशन गरिएको हुदा प्रमाणीकरणको लागी प्राप्त हुने निवेदन अनुसार स्टक जन्य मालसामानको सम्वन्धीत फिल्डमा गई नापजाच गरी घाटगद्दी सहित प्राविधिक प्रर्तिवेदन पेश गर्नुहुन जानकारी गरिन्छ ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

वोधार्थ

श्री सरोकार कम्पनी तथा व्यक्तीत्वहरु ( ०८२।०८३ को स्टक प्रमाणीकरण गर्ने सवै ) यसै अनुसार हालसम्मको विकीको विवरण, घाटगद्दी विवरण, सहित प्राविधिक नापजाचमा सहयोग गर्नुहुन )

श्री राजश्व व्यवस्थापन उपशाखा ( सवै लाई समन्वय गरी आवश्यक कार्यन्वयन सम्वन्धमा )

Scanned with CamScanner

# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ
२०७३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
चलानी नं.: ६

मिति :२०८३/०४/०१

**विषय** : पुर्ण जिम्मेवारी तोकीएको सम्वन्धमा ।

शहरी तथा पुर्वाधार विकास शाखामा कार्यरत ( इन्जिनियर, सव इन्जिनियर, र असिस्टेन्ट सव इन्जिनियर सहित प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत प्राविधिक साहायक लगाएत सवै प्राविधिक कर्मचारी म्याग्दे गाउँपालिका तनहुँ ।

प्रस्तुत विषय सम्वन्धमा यस म्याग्दे गाउँपालिका वाट स्विकृत भई सम्झौता सगै कार्यन्वयन हुने सवै प्राविधिक प्रतिवेदन मुलक योजना तथा कार्यक्रमहरु स्थानीय स्तरमा तपाईहरु आफै गई फिल्ड अध्यन नापजाच सगै लगत ईस्टिमेट तयार हुने सगै कार्यन्वयन चरणमा रनिङ्ग विल तथा कार्यन्वयन सम्पन्न पश्चात प्राविधिक परिक्षण सहित अन्तिम मुल्याङ्कन प्रतिवेदन समेत तयार गर्ने दायीत्व, विषयविज्ञेता, कर्तव्य समेत तपाईहरुको भएको साथै सो विषयमा प्रमुख प्रशासकिय अधिकृत, लेखा सहित नन प्राविधिक कर्मचारी लाई तथ्यपरक,जानकारी र विज्ञेता, प्राविधिक ज्ञान समेत नहुनेहुदा तपाईहरु नै पुर्ण जिम्मेवार भई यसै निर्देशन लाई ध्यान दिई लगत ईस्टिमेट, मुल्याङ्कन र फरफारक सहित अन्तिम भुक्तानीको लागी पेश गर्नुहुन जानकारी गराउदछु । साथै यसरी विज्ञेता,जानकारी जिम्मेवार र कर्तब्य हुदाहुदै पनि गलत, लगत ईस्टिमेट , मुल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानीको लागी पेश भएमा सो वाट हुने तत्काल र पछिल्लो चरणको जोखीम दण्ड सजाय सहित कारवाहीको भागीदार पुर्ण रुपमा नै तपाईहरु हुने गरी पुर्व सचेतीकरण गराउदै यो जिम्मेवारी सुम्पेको व्यहोरा जानकारी गराउदछु ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ
श्री अध्यक्ष ज्यु को सचिपालय म्याग्दे गाउँपालिका तनहु (जानकारीको लागी )
श्री अनुगमन समितिको संयोजक एंव उपाध्यक्ष ज्यु म्याग्दे गाउँपालिका तनहु ( जानकारीको लागी )
श्री योजना शाखा / आर्थिक प्रशासन शाखा / आन्तरीक लेखा परिक्षण शाखा (जानकारीको लागी)
श्री कोष तथा लेखा नियन्त्रक कार्यलय तनहुँ (जानकारीको लागी )
श्री नियमनकारी निकायहरु सवै (गुनासो आउदा हुने नियमन तथा अनुगमनको लागी जानकारी सम्बन्धमा)
श्री वडाकार्यालय, विषयगतशाखा सवै (जानकारी तथा यसै अनुसार गर्नको लागी सहयोग समन्वय सम्बन्धमा
श्री सुचना प्रविधि शाखा म्याग्दे गा.पा. तनहु ( वेभसाइटमा राखिदिनुहुन )

Scanned with CamScanner

# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग, तनहुँ
२०७३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
चलानी नं.: ८

मिति :२०८३/०४/०१

विषय : पुर्ण जिम्मेवारी तोकीएको सम्वन्धमा ।

श्री वातावरण शाखा प्रमुख तथा राजश्व व्यवस्थापन उपशाखा प्रमुख ज्यू म्याग्दे गाउँपालिका तनहुँ ।
श्री नगर प्रहरी प्रमुख ज्यू म्याग्दे गाउँपालिका तनहुँ ।

प्रस्तुत विषय सम्वन्धमा यस म्याग्दे गाउँपालिका भित्र रहेका प्राकृर्तिक श्रोत साधनहरु ढुङ्गा गिटी , वालुवा, गेग्रर, जस्ता नदीजन्य पदार्थ तथा माटो, सहित वनजन्य पदार्थहरु, लिलाम विकी गर्ने प्रयोजनका नदीजन्य पदार्थ लगाएत सवै प्राकृर्तिक श्रोत साधनहरुको प्रचलित संघिय कानुन तथा मापदण्ड, प्रदेश कानुन तथा मापदण्ड र स्थानीय कानुन तथा मापदण्ड अनुसार आई ई ई / ई आई .ए. गरेर मात्र उत्खनन्, विक्रिवितरण , व्यवस्थापन गर्नुपर्ने हुदा तपाईहरुले प्रचलीत कानुन मापदण्ड सहित स्थानीय राजश्व परामर्श समितिको वैठकले गरेको निर्णय समावेश गरी अध्यक्ष ज्यु, उपाध्यक्ष, ज्यु र प्रमुख प्रशासकिय अधिकृत तहवाट संयुक्त रुपमा टिप्पणी निर्णय सदर गरेर मात्र अनुमती स्वीकृर्ति प्रदान गर्ने, अनुमती दिए पश्चात कार्यन्वयन विषय तपाईहरु सहित, राजश्व परामर्श समिति तथा अनुगमन समितिको संयोजक उपाध्यक्ष सहित प्राविधिक कर्मचारी वाट नापजाच गराई प्रर्तिवेदन पेशगर्ने , चुहावट चोरी निकाशी नियन्त्रण रोक्न निरन्तर अनुगमन गरिरहने, नगर प्रहरी र स्थानीय प्रहरीको समेत सहयोग लिने लगाएतको पुर्ण जिम्मेवारी तोकेको छु । तोकेको जिम्मेवारी दायित्व, विषयविज्ञेता, कर्तव्य समेत तपाईहरुको भएको साथै सो विषययमा प्रमुख प्रशासकिय अधिकृत, लगाएत अन्य कर्मचारी, लाई समय अभाव सहित तथ्यपरक,जानकारी र विज्ञेता, प्राविधिक ज्ञान समेत नहुने हुदा तपाईहरु नै पुर्ण जिम्मेवार भई यसै निर्देशन लाई ध्यान दिई राजश्व संकलन व्यवस्थापन , प्राकृर्तिक श्रोत साधनको संरक्षण, उत्खनन् व्यवस्थापन गर्नुहुन जानकारी गराउदछु । साथै यसरी विज्ञेता,जानकारी जिम्मेवार र कर्तव्य हुदाहुदै पनि गलत, तरिका वाट अनुमती दिने, अनुगमन नगर्ने, चुहावट नियन्त्रण नगर्ने आदी कारणवाट हुने तत्काल र पछिल्लो चरणको जोखीम दण्ड सजाय सहित कारवाहीको भागीदार पुर्ण रुपमा नै तपाईहरु हुनेगरी यो जिम्मेवारी सुम्पेको व्यहोरा जानकारी गराउदछु ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ
श्री अध्यक्ष ज्यु को सचिपालय म्याग्दे गाउँपालिका तनहुँ (जानकारीको लागी )
श्री राजश्व परामर्श समिति संयोजक/ अनुगमन समिति संयोजक, उपाध्यक्ष ज्यु ( जानकारी तथा निजहरु लाई यसै अनुसार गर्न लगाई अनुगमन प्रर्तिवेदन पेश गर्नु लगाउनुहुन )
श्री वातावरण शाखा / आर्थिक प्रशासन शाखा / राजश्व व्य उपशाखा (जानकारी तथा कार्यन्वयन को लागी)
श्री नियमनकारी निकायहरु सवै (गुनासो आउदा हुने नियमन तथा अनुगमनको लागी जानकारी सम्वन्धमा
श्री वडाकार्यलय /विषयगत शाखा सवै ( जानकारी तथा यसै अनुसार गर्नको लागी सहयोग समन्वय सम्वन्धमा )

Scanned with CamScanner

म्याग्दे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

आँबु खैरेनी, तनहुँ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४

चलानी नं.: ८

मिति :२०८३/०४/०१

**विषय : –** आदेश तथा निर्देशन पालना सम्बन्धमा ।

सवारी चालक सवै

म्याग्दे गाउँपालिका तनहुँ ।

प्रस्तुत विषय सम्बन्धमा यस कार्यलयको सरकारी सवारी प्रयोग, सुरक्षा संरक्षण, लगाएत सम्पुर्ण व्यवस्थापन तथा प्रयोगका सम्बन्धमा तपशिल बमोजिम को (७) वुदे मापदण्ड तथा आदेश निर्देशन पालना गरेर मात्र सवारी साधन सन्चालन तथा प्रयोग गर्नुहुन तथा अध्यक्ष, उपाध्यक्ष, र प्रमुख प्रशासकिय अधिकृत तहवाट ईन्धन कुपन स्वीकृत गरी साथै प्रमुख प्रशासकिय अधिकृत वाट मर्मत आदेश स्वीकृत गराई मात्र मर्मत गर्नुहुन कडाईका साथ यो निर्देशन जारी गरेको छु । यो निर्देशन विपरीत हुने गरी कार्य गरेमा नियमानुसार कारवाही तथा सेवा सुविधा रोक्का तथा भएको छतिपुर्ति समेत नियमानुसार तपाई वाट नै असुल उपर गर्नेपर्ने हुदा सो समेत जानकारी गराउदछु ।

नारायण प्रसाद अधिकारी

प्रमुख प्रशासकिय अधिकृत

**तपशिल मापदण्ड**

१, अध्यक्ष ज्यु , उपाध्यक्ष ज्यु र प्रमुख प्रशासकिय अधिकृतको मौखीक आदेशमा मात्र सवारी साधन प्रयोग गर्ने ।

२, जिल्ला वाहीर फिल्ड गएर उतै वास वस्नुपर्ने काम परेको अवस्था वा (३) जना मध्ये कुनै एक को आदेश भएको अवस्था वाहेक साझ तथा राती र विदा तथा वन्द भएको समयमा अध्यक्ष ज्यु, उपाध्यक्ष ज्यु, प्रमुख प्रशासकिय अधिकृतको आवास वा कार्यालयमा मात्र सवारी साधन राख्ने ।

३, सवारीमा लगवुक अनिवार्य राखी ईन्धन भरेपछी सो ईन्धन नसकीए सम्म यात्राको कममा (३) जनाको आदेश अनुसार जो जो सवारी साधनमा जहाँ जहाँ जाने गरी चढ्नुहुन्छ उहाको लगवुकमा अनिवार्य हस्ताक्षर गराउने ।

४,तिन जना व्यक्तित्व वाहेक कुनै कर्मचारी लाई आदेश अनुसार कही कतै सरकारी कामले लिईजादा वाटोमा निजको व्यक्तिगत काममा वाहीर लैजाने , तोकीएको समयभन्दा वढि वस्ने तथा अनावश्यक निजले चिनेजानेका व्यक्ती लाई सवारी साधनमा चढाउने कार्य नगर्ने ,नगराउने ।

५ नियमीत परिचयपत्र तथा पोशाक लगाउने , साथै सवारी साधनको नियमीत सरसफाई गर्ने ।

६, आफ्नो घर जादा वा काम विशेषले विदामा वस्दा अनुमति लिने घरमा जादा साधन आवश्यक भएमा तथा विकल्प भएमा प्रमुख प्रशासकिय अधिकृतको अनुमतीमा सो विकल्प प्रयोग गर्ने ।

७, अस्पष्ट भएका विषयमा (३) जना सग समन्वय तथा आदेश अनुमती अनुसार गर्ने ।

Scanned with CamScanner

# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
चलानी नं.: ९

मिति :२०८३/०४/०१

विषय : निर्देशन पालना सम्वन्धमा ।

श्री विषयगत शाखा प्रमुख सहित गाउँपालिकामा कार्यरत सवै कर्मचारी म्याग्दे गाउँपालिका तनहुँ ।
श्री वडा सचिव सहित वडामा कार्यरत सवै कर्मचारी ( वडा न. १ देखी ७ म्याग्दे गाउँपालिका तनहुँ )
श्री फिल्डमा कार्यरत स्वास्थ्य, कृर्षि, पशु, लगाएत सवै सेवाका सवै कर्मचारीहरु म्याग्दे गाउँपालिका तनहुँ ।

प्रस्तुत विषय सम्वन्धमा राष्ट्रसेवक कर्मचारीको कर्तव्य जिम्मेवारी आचरण विषयमा तपाईहरु पुर्ण जानकार नै हुनुहुन्छ । तथापी विभिन्न, सेवाग्राही, राजनीतिक दल र सरोकार तहवाट केही कर्मचारी समयमा कार्यालय नआउने गरेको, विदा स्वीकृत नगरी आफुखुशी कार्यालय अनुपस्थित हुने गरेको, ड्रेस तथा पोशाक नलगाउने गरेको, खाजाखाने भनि लामो समय कार्यकक्ष वाहिर वस्ने गरेको, आफ्नो कार्यकक्ष छोडी अरुको कार्यकक्षमा गई लामो समय वस्ने गफगर्ने गरेको, आफ्नो जिम्माको काम समयमा सम्पादन नगरेको लगाएतका गुनासोहरु प्रत्यक्ष , अप्रत्यक्ष रुपमा प्राप्त हुन आएको हुदा आजैको मिति वाट तपशिल बमोजिम आचरण अनुशासन पालना गरी कार्यालयमा पदिय दायित्व अर्न्तगतका नियमित सेवा तथा कार्यसम्पादन गर्नुहुन जानकारी तथा निर्देशन गर्दछु । अव उप्रान्त पनि निर्देशन तथा तोकीएका आचरण पालना नगरेमा वा उल्लंघन गरेमा प्रचलीत कानुन अनुसार कारवाही हुने व्यहोरा समेत सूचित गराउदछु ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**तपशिल**

१, कार्यालयमा (शुक्रवार वाहेक) दैनिक अनिवार्य तोकीएको पोशाक लगाउने, ९.०० वजे नै उपस्थित हुने, फिल्ड जानुपरेमा हाजिर गरेर मात्र वा जानकारी गराई फिल्ड जाने ।
२, खाजा खाने समय २.०० वजे देखी २.३० वजे निर्धारण गरिएको हुदा सोही समयमा नै खाजा खाई सक्नु पर्ने क्यान्टीन प्रयोगमा आए पछी अनिवार्य क्यान्टीनमा खाजा खाने वाहीर नजाने ।
३, कार्यलय प्रमुख वाट विदा वा काज स्वीकृत गराएर मात्र कार्यालय छोड्ने ।
४, आफ्नो कार्यकक्षमा नियमित वस्नुपर्ने, सेवाग्राहीको सेवा जतीसक्दो चाडो मुस्कान सहित प्रदान गर्नुपर्ने ।
५, आफु जिम्माको काम आफै सम्पादन गर्ने, तथा कार्यक्रमको हकमा आफै पेश्की तथा भुक्तानी लिने ।
६, प्रचलीत कानुन अनुसार तोकीएका सवै पदीय आचरण र अनुशासनको अनिवार्य पालना गर्नुपर्ने ।

**वोधार्थ**

श्री जिल्ला प्रशासन कार्यलय तनहुँ ( जानकारी सम्वन्धमा )
श्री विषयगत शाखा प्रमुख सवै (आफु मातहतका सवै तथा फिल्डमा रहेका लाई यसै अनुसार जानकारी तथा कार्यन्वयन गर्नु गराउनुहुन )
श्री वडा कार्यालय १ देखी ७ म्याग्दे गाउँपालिका तनहुँ ( यसै अनुसार गर्नु गराउनुहुन )
श्री प्रशासन शाखा / सुचना प्रविधि शाखा ( जानकारी तथा वेभसाईटमा राखीदिनुहुन )

Scanned with CamScanner

# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
चलानी नं.: १०

मिति :२०८३/०४/०१

**विषय** : वोलपत्र मुल्याङ्कन समिति गठन गरीएको सम्वन्धमा ।

अधिकृत सातौ (इन्जिनियर) श्री शिव ज्ञवाली :– संयोजक
अधिकृत सातौ श्री श्रीराम खनाल :– सदस्य
अधिकृत छैटौ श्री ईन्द्र प्रसाद खनाल :– सदस्य
अ.सब. इ. श्री सुवर्ण खनाल :– सदस्य
लेखा अधिकृत (अधिकृत छैटौ) श्री शिवजी थापा :– सदस्य
राजश्व व्यवस्थापन उपशाखा प्रमुख श्री शम्भु पौडेल :– सदस्य
साहायक पाचौ (लेखापाल ) श्री सन्दीप श्रेष्ठ :– सदस्य सचिव

प्रस्तुत विषय सम्वन्धमा आर्थिक वर्ष ०८३।०८४ को लागी सार्वजनिक खरीद ऐन २०६३,को दफा ७१, र नियमावली २०६४ को नियम १४७ साथै गाउँपालिकाको स्थानीय खरीद नियमावली २०७६ मा भएको व्यवस्था तथा प्रचलीत कानुनी व्यबस्था समेतका आधारमा वोलपत्र मुल्याङ्कन सम्वन्धी कार्य सम्पादन गर्ने गरी तपाईहरु ६ जना रहने गरी वोलपत्र मुल्याङ्कन समिति गठन गरेको छ ,। कामको प्रकृर्ति लाई मध्येनजर गरी आवश्यक्ता अनुसार विषयविज्ञे लाई वैठकमा विषेश उपस्थीती गराई तथा कामको विषयमा समन्वय सहकार्य गरी नियमीत कार्य सम्पादन गर्नुहुन जानकारी गराउदछु ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ
श्री आ.प्र. शाखा म्याग्दे गाउँपालिका तनहुँ ( जानकारीको लागी )
श्री शहरी तथा पुर्वाधार विकास शाखा /योजना शाखा म्याग्दे गाउँपालिका तनहुँ ( जानकारीको लागी )

Scanned with CamScanner

# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ

गण्डकी प्रदेश, नेपाल

संख्या : २०८३/०८४

चलानी नं.: ११

मिति :२०८३/०४/०१

**विषय** : खरिद इकाई गठन गरीएको सम्वन्धमा ।

अधिकृत छैटौ श्री इन्द्र प्रसाद खनाल :– संयोजक

साहायक पाचौ (कम्पुटर अप्रेटर) श्री भास्कर रेग्मी :– सदस्य

साहायक पाचौ (लेखापाल) श्री सन्दीप श्रेष्ठ :– सदस्य

सार्वजनिक सम्पती व्यवस्थापन उपशाखा प्रमुख श्री प्रदिप न्यौपाने :– सदस्य सचिव

प्रस्तुत विषय सम्बन्धमा आर्थिक वर्ष ०८३।०८४ को लागी सार्वजनिक खरीद ऐन २०६३ को दफा ७ को ३ मा भएको व्यबस्था अनुसार ऐनको दफा ७, ८ तथा खरीद नियमावली को नियम ३,५,७, ८ मा भएको व्यवस्था तथा अन्य प्रचलीत कानुनी व्यवस्था समेतका आधारमा खरिद सग सम्वन्धीत कार्यसम्पादन गर्नेगरी तपाईहरु ४ जना रहने गरी खरीद इकाई गठन गरेको छु , कामको प्रकृर्ति लाई मध्येनजर गरी इकाईको वैठकमा विषय विज्ञे ,/ प्रमुख प्रशासकिय अधिकृत/ आर्थिक प्रसासन शाखा प्रमुख लाई अनिवार्य विषेश उपस्थीती गराई तथा कामको विषयमा समन्वय सहकार्य गरी नियमीत कार्य सम्पादन गर्नुहुन जानकारी गराउदछु ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ

श्री आ.प्र. शाखा म्याग्दे गाउँपालिका तनहुँ ( जानकारीको लागी ) ।

श्री सार्वजनीक सम्पती व्यवस्थापन उपशाखा म्याग्दे गाउँपालिका तनहुँ ( जानकारीको लागी )

Scanned with CamScanner

म्याग्दे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छाङ, तनहुँ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४

चलानी नं.: ९२

मिति : २०८३/०४/०१

**विषय : –** विविध तथा खाजा खाना खर्च भुक्तानी सम्वन्धमा ।

श्री विकास चिया पसल ( क्यान्टीन)
म्याग्दे गाउँपालिका तनहुँ

प्रस्तुत विषय सम्वन्धमा यस कार्यालय वाट भुक्तानी हुने ( विषयगत शाखाप्रमुख ले पेश्की लिई गर्ने खर्च वाहेको खर्च ) गरी खर्च लेख्ने प्रकृतिको विविध खर्च अर्न्तगतको ( चिया, खाना, खाजा, पानी लगाएत को ) खर्चको हकमा दैनिक रुपमा कार्यालय प्रमुख वाट कुपन सदर गराई मात्र भुक्तानीको लागी पेश गर्नुहुन जानकारी गराउदछु । कुपन सदर विना खर्चगरेको विलको रकम कार्यालय वाट भुक्तानी नहुने व्यहोरा समेत स्पष्ट जानकारी गराउँदछु ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

वोधार्थ
श्री आर्थिक प्रशासन शाखा म्याग्दे गाउँपालिका तनहुँ ( यसै अनुसार गर्नु गराउनुहुन जानकारीको लागी )

Scanned with CamScanner

# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग, तनहुँ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
चलानी नं.: 93

मिति : २०८३/०४/०१

**विषय : –** कुपन स्वीकृत वा आदेश स्वीकृत गरेर मात्र खरीद गर्ने सम्बन्धमा ।

श्री सार्वजनीक सम्पती व्यवस्थापन उपशाखा ( जिन्सी शाखा )
म्याग्दे गाउँपालिका तनहुँ ।

प्रस्तुत विषय सम्बन्धमा यस कार्यालयको लागी आवश्यक पर्ने सवै प्रकारका जिन्शी सामान खरीद गर्नुपुर्व अनिवार्य रुपमा कार्यालय प्रमुख वाट खरीद आदेश तथा कुपन स्वीकृत गरेर मात्र खरीद प्रकृर्या अगाडी वढाउनुहुन जानकारी गराउदछु । अन्यथा कार्यालय प्रमुखको आदेश विनाको खरीदको कुनै पनि विल रकम भुक्तानी नहुने व्यहोरा समेत जानकारी गराउदछु ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

वोधार्थ
श्री वडा कार्यालय १ देखी ७ सवै (जानकारीको लागी )
श्री आर्थिक प्रशासन शाखा म्याग्दे गाउँपालिका तनहुँ ( जानकारीको लागी )

Scanned with CamScanner

म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
चलानी नं.: ९४

मिति : २०८३/०४/०१

**विषय : भुक्तानी र टिप्पणी निर्णय सम्बन्धमा ।**

श्री विषयगत शाखा उपशाखा प्रमुख लगाएत सरोकार कर्मचारी सवै ।
श्री वडा सचिव ( १ देखी ७ ) सवै ।
म्याग्दे गाउँपालिका तनहुँ ।

प्रस्तुत विषय सम्बन्धमा आर्थिक वर्ष ०८३।०८४ मा कार्यालयको स्विकृत वजेट अर्न्तगत कार्यन्वयन हुने चालु तथा पुजिगत तर्फका योजना तथा कार्यकम सहित सवै खर्च तथा भुक्तानी गर्नुपुर्व अनिवार्य रुपमा सरोकार कर्मचारी ( विषयगत शाखा सहित लेखा प्रमुख ) वाट सवै प्रकृर्या पुरागरी विल भरपाई रुजु गरी भुक्तानीको लागी पेशहुने तर कतीपय भुक्तानी गर्नुपुर्व हतारहुन गई भुक्तानी विषयमा गुनासो समेत यदाकदा आउने गरेको विषय तपाईहरु लाई जानकारी गराउदै अवका दिनमा गुनासो रहित यर्थाथमुलक ,पारदर्शि तरिका वाट भुक्तानी व्यवस्थापन गर्नको लागी रु २५ हजार सम्मको भुक्तानीको हकमा निवेदन पेपरमा नै राय लेखी निर्णय गराई भुक्तानीको लागी पेश गर्नुहुन र २५ हजार भन्दा माथीको सवै रकमको भुक्तानीको हकमा सरोकार शाखा तथा कर्मचारी वाट टिप्पणी तयार गरी चरणवद्ध रुपमा सरोकार कर्मचारी, प्राविधिक, र लेखा प्रमुख सहित प्रमुख प्रशासकिय अधिकृत तह वा गाउँपालिका अध्यक्ष तह वाट स्विकृत गराई भुक्तानी गर्नु गराउनुहुन जानकारी गराउदछु । यसरी टिप्पणी राय सहित निर्णय हुने चरणमा संग्लग्न भएको कर्मचारीले टिप्पणीमा राय लेख्दा जुनसुकै भाषा तथा प्रर्तिकृर्या उल्लेख गरेता पनि भुक्तानी गरीसकेपछि वा भुक्तानीमा सग्लग्न भएपछि स्वतह खर्च स्विकार गरेको ठहरहुने साथै सो खर्चको हकमा सामुहीक जिम्मेवार,उत्तरदायी, जवाफदेही पनि स्वतह हुनेनै हुदा, भुक्तानी भएको खर्च अर्न्तगत गलत भएमा कानुन अनुसार कारवाहीको भागीदार पनि सग्लग्न सवै समान रुपमानै हुनेहुदा खर्चको निर्णय पुर्व विलभरपाई रुजु सहित खर्चको यथार्थताको सुनिश्चतता गरेर मात्र कार्यालय प्रमुख समक्ष भुक्तानीको लागी पेशगर्नुहुन जानकारी गराउदछु ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ .
श्री विषयगत शाखा उपशाखा सवै म्याग्दे गाउँपालिका तनहुँ ( यसै अनुसार गर्नु गराउनुहुन )
श्री वडा सचिव सवै ( यसै अनुसार गर्नु गराउनुहुन )
श्री नियमनकारी निकायहरु सवै ( आवश्यक परेको अवस्थामा यसै अनुसार नियमनको आधार लिनुहुन )
श्री सुचना प्रविधि शाखा (वेभसाईटमा राखिदिनुहुन )

Scanned with CamScanner

# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४

चलानी नं.: १५

मिति : २०८३/०४/०१

**विषय :** सम्झौता तथा म्यादथपको अवधि भित्र ठेक्का तथा उपभोक्ताको कार्यसम्पन्न सम्वन्धमा ।

श्री ठेक्का सम्झौता तथा म्याद थप भएका निर्माण व्यवसायी सवै ( म्याग्दे गाउँपालिका अर्न्तगत ठेक्का सम्झौता भएका पुर्वाधार निर्माण योजनाहरु )
श्री म्याद थप भएका उपभोक्ता समिति सवै ( ( म्याग्दे गाउँपालिका अर्न्तगत सम्झौता भएका पुर्वाधार निर्माण योजनाहरु )
म्याग्दे गाउँपालिका तनहुँ ।

प्रस्तुत विषय सम्बन्धमा म्याग्दे गाउँपालिका वाट विगत आ.व. ०८२।०८३ मा स्विकृत भएका पालिका स्तरीय योजना तथा संघिय सरकार र प्रदेश सरकार सगको साझेदारीमा सञ्चालन भएका पालिका स्तरीय योजना लगाएत सवै प्रकृतिका योजनाको ठेक्का सम्झौता र उपभोक्ता समिति सग भएको सम्झौता अनुसारको काम समयमा सम्पन्न हुन नसकी यस अगाडी नियमानुसार म्याद थप भएको व्यहोरा तपाईहरु लाई जानकारी नै छ । सम्झौता अनुसारको म्याद तथा पछि म्याद थप भएको समय भित्र नै सम्झौता अनुसार योजनाको काम सम्पन्न गर्नुहुन यसै पत्र मार्फत ताकेता तथा जानकारी गरिएको छ । यसरी तोकेता तथा जानकारी गर्दा पनि ठेकेदार पक्ष र उपभोक्ता समिति वाट विगतमा झै अनेक समस्या तथा कारण देखाई समयमा कामसम्पन्न नगरेमा पुन म्याद थप नहुने तथा नियमानुसार ठेक्का तथा सम्झौता रद्ध देखी प्रचलीत कानुन अनुसार आवश्यक कारवाही हुने व्यहोरा समेत जानकारी गरिन्छ ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

वोधार्थ

श्री शहरी तथा पुर्वाधार विकास शाखा म्याग्दे गाउँपालिका तनहुँ ( यसै अनुसार समन्वय र ताकेता गर्नुहुन )

श्री सार्वजनिक खरिद अनुगमनको कार्यालय काठमाण्डौ ( जानकारी सम्बन्धमा )

श्री सुचना प्रविधिशाखा ( वेभसाईटमा राखिदिनुहुन )

Scanned with CamScanner

# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
आँबुखैरेनी, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या : २०८३/०८४
चलानी नं.: १६

मिति : २०८३/०४/०१

विषय : – फोकल पर्सन सहित जिम्मेवारी प्रदान सम्वन्धमा ।

श्री विषयगत शाखा प्रमुखहरु सवै ( शिक्षा शाखा प्रमुख/ आर्थिक प्रशासन शाखा प्रमुख /शहरी तथा पुर्वाधार विकास शाखा प्रमुख,/ योजना कार्यन्वयन तथा अनुगमन मुल्याङ्कन शाखा प्रमुख /आर्थिक विकास शाखा प्रमुख /प्रशासन शाखा प्रमुख /स्वास्थ्य शाखा, प्रमुख / कृषि विकाश उपशाखा प्रमुख /पशुसेवा उपशाखा प्रमुख/ ,वनवातावरण, विपद व्यवस्थापन शाखा,प्रमुख /सुचना प्रविधि शाखा प्रमुख / राजश्व व्यवस्थापन उपशाखा प्रमुख /महिला वालवालीका तथा सामाजिक समावेशीकरण उपशाखा प्रमुख /पञ्जिकरण उपशाखा, प्रमुख / रोजगार सेवा केन्द्र कार्यक्रम प्रमुख /भवन तथा वस्ती विकास उपशाखा प्रमुख / सार्वजनिक सम्पती व्यवस्थापन उपशाखा प्रमुख /सामी परियोजना कार्यक्रम फोकल पर्सन /अमिन सर्भे उपशाखा प्रमुख/ मेड्पा कार्यक्रम फोकल पर्सन /वडा सचिव वडा न. १ देखी ७ सवै म्याग्दे गाउँपालिका तनहुँ )

प्रस्तुत विषय सम्वन्धमा सम्मानीत अदालत तथा न्यायीक निकायहरु/ सम्मानीत अख्तियार दुरुपयोग अनुसन्धान आयोग/ अन्य सरोकार नियामक निकायवाट म्याग्दे गाउँपालिकाले प्रवाहा गरेका सेवा तथा विकाश निर्माणसग सम्वन्धित गुनासो/ उजुरी तथा सो उपर अनुसन्धानको क्रममा मागहुने रायपरामर्श,/भए गरेका कामको प्रगती प्रर्तिवेदन, / सक्कल,/ नक्कल, /कागाजात तथा प्रमाण सहित कार्यलयवाट भए गरेका निर्णयहरु/ टिप्पणी/ खर्चसग सम्वन्धीत श्रेस्ताहरु/ तपाईहरु सवै विषयगत शाखा प्रमुख तथा वडा सचिव सग आ–आफ्नो पदिय जिम्मेवारी तथा भुमीका अनुसार ( पुरै तथा आंशिक ) जिम्मामा रहने हुदा त्यस्ता प्रकृतिका अभिलेख,कागजात, विल भरपाई आदी कुनै पनि क्षति नहुने गरी व्यवस्थीत तरिकावाट राख्नुहुन र माग भएको विषय र समयमा आ–आफ्नो जिम्माका कागजातहरु कुनै पनि छुट नहुनेगरी भएगरेको सत्यतथ्य विवरण सहित प्रर्तिवेदन एकल तथा सरोकार सग समन्वय गरी तयार गरी कार्यालय प्रमुख समक्ष पेश गर्नेगरी फोकल पर्सन तोकेको व्यहोरा जानकारी गराउदछु । आफ्नो जिम्मामा रहने कागजात छति भएमा तथा अनुसन्धानको क्रममा माग भएका विवरण झुठा तयार गरी कार्यलय प्रमुख समक्ष पेशगरेमा सोको कारवाहीको भागिदार तपाईहरु नै हुने व्यहोरा समेत जानकारी गराउदछु ।

०८३/०४/०१

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

वोधार्थ
श्री नियामक निकाय सवै ( नियमन तथा अनुसन्धानको क्रममा यस लाई समेत आधार लिनुहुन)
श्री सुचना प्रविधि शाखा ( वेभसाईटमा राखिदिनुहुन /वडामा मेल गरिदिनुहुन )

Scanned with CamScanner

म्याग्दे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छाङ, तनहुँ

२०७३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४

चलानी नं.: ९६

मिति : २०८३/०४/०१

म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छाङ,तनहुँ गण्डकी प्रदेश,नेपाल २०७३

**विषय : विषयगत समितिका संयोजक/ उपसंयोजकको उपस्थितिमा मात्र कार्यक्रम गर्ने सम्वन्धमा ।**

श्री विषयगत शाखा प्रमुख सवै
म्याग्दे गाउँपालिका तनहुँ

प्रस्तुत विषय सम्बन्धमा हालै भएको गाउँसभाको निर्णय अनुसार चालु आर्थिक वर्ष ०८३।०८४ को लागी स्वीकृत सवै विषयगत शाखाका योजना तथा कार्यक्रम कार्यन्वयन चरणमा कार्यन्वयन प्रभावकारीता र पारदर्शिता समेत लाई मध्येनजर गरी अनिवार्य रुपमा विषयगत समितिका संयोजक वा उपसंयोजकको उपस्थिति गराई प्रतिवेदनमा निजहरुको समेत हस्ताक्षर गराई पेश्की तथा भुक्तानी लिनुहुन अन्यथा पेश्की फछ्यौट नहुने ब्यहोरा समेत यसै पत्र मार्फत जानकारी गराईन्छ ।

०८३/०४/०१

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ .
श्री आ.प्र. शाखा/ विषयगत शाखा उपशाखा सवै म्याग्दे गाउँपालिका तनहुँ ( यसै अनुसार गर्नुगराउनु हुन )
श्री सूचना प्रविधि शाखा म्याग्दे गाउँपालिका तनहुँ ( वेभसाईटमा राखीदिनुहुन )

Scanned with CamScanner

# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छाङ, तनहुँ
२०७३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४

चलानी नं.: ९८

मिति : २०८३/०४/०१

**विषय : विदामा वस्दा तथा सार्वजनिक विदाको दिनमा सवारीसाधन प्रयोग नगर्ने सम्बन्धमा ।**

श्री कर्मचारी मित्रहरु सवै
म्याग्दे गाउँपालिका तनहुँ

प्रस्तुत विषय सम्बन्धमा कार्यालयको कामले काजमा फिल्ड जादा तथा घर तथा डेरा वाट कार्यालय आउदा जादा सवारी साधन प्रयोग गर्ने वाहेक घर विदा, विरामी विदा, लगाएत सवै प्रकारका विदामा वस्दा तथा सार्वजनिक विदाको दिनमा व्यक्तिगत प्रयोजनको लागी सवारीसाधन प्रयोग नगर्नुहनु साथै सो समयमा आफुले प्रयोग गरेको सरकारी सवारी साधन अनिवार्य रुपमा कार्यालयको जिन्सी शाखामा वुझाउनुहुन जानकारी गराउदछु । यसरी निर्देशन हुदाहुदै पनि विदा वसेको समय तथा सार्वजनिक विदाको दिनमा सरकारी सवारी साधन प्रयोग गरेको पाईएमा वा प्रयोग सगै भएको कुनै घटना तथा जोखीम र मर्मत खर्चको जिम्मेवारी कार्यालय नहुने स्वयम व्यक्ती नै पुर्ण जिम्मेवारी हुनेहुदा त्यसरी दुरुपयोग भएकाको हकमा नियमानुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराउदछु ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ

श्री प्रशासन शाखा,/सार्वजनीक सम्पती व्यवस्थापन उपशाखा म्याग्दे गाउँपालिका तनहुँ ( यसै अनुसार गर्नुगराउनुहुन )

श्री वडा कार्यालय १ देखी ७ सवै म्याग्दे गाउँपालिका तनहुँ ( यसै अनुसार गर्नुगराउनुहुन )

श्री सुचना प्रविधि शाखा ( वेभसाईटमा राखीदिनुहुन )

Scanned with CamScanner

म्याग्दे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ढोरफिर्दी, तनहुँ

गण्डकी प्रदेश, नेपाल

२०७३

पत्र संख्या : २०८३/०८४

चलानी नं.: 23

मिति :२०८३/०४/०१

विषय : जानकारी तथा निर्देशन सम्बन्धमा ।

श्री वडा अध्यक्ष ज्यु लगाएत वडा समिति सदस्य ज्युहरु वडा न. १ देखी ७ सवै
म्याग्दे गाउँपालिका तनहुँ ।

प्रस्तुत विषय सम्बन्धमा संविधान अनुसार स्थानीय तहको एकल अधिकार अनुसुचि ८, साझा अधिकार, अनुसुचि ९ ,स्थानीय सरकार सञ्चालन ऐन २०७४, कार्यविस्तृतिकरण २०७३ अनुसार स्थानीय तहका ३५५ वटा अधिकार तथा कार्यक्षेत्र र संघिय प्रादेशिक कानुनका मापदण्ड प्रावधान र हाम्रो गाउँपालिकाले निर्माण गरेका ऐन, नियम कार्यविधि निर्देशिका, आचरण, मापदण्ड, र समय समयमा गाउँसभा र कार्यपालिकाले गरेका निर्णय आदी विषयमा तपाईहरु अवगत र जानकार नै हुनुहुन्छ । स्थानीय स्तर वडातह वाट कार्य सम्पादन गर्दा ( निर्णय, सिफारिस र अन्य ) उल्लेखीत प्रचलीत अधिकार र कानुन भित्र रही सेवा प्रवाहा लाई निरन्तरता दिनुहुनको साथै विशेष गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ गाउँपालिका र नगरपालिकाको अधिकार भित्रका कार्य, दफा १२ वडा समितिको काम कर्तव्य अधिकार, दफा १६ को (ग) वडा अध्यक्षको काम कर्तव्य र अधिकार, दफा ९७ गाउँपालालिका क्षेत्रभित्रको सम्पतीको संरक्षण, दफा ११४ संघिय सरकारले दिएका निर्देशनको पालना (जुन समय समयका मन्त्रालय र नियमनकारी निकायका परिपत्र निर्देशन छन् ) गर्ने साथै दफा १२ को (ख) अनुसार वडा भित्रको तथ्याङ्क अद्यावधिक तथा संरक्षण कार्य लाई समेत विशेष जोड दिई अभिलेख व्यवस्थापन गर्नुहुन र सो को विवरण तथा जानकारी यथाशिघ्र गाउँपालिका लाई दिनुहुन निर्देशन गर्दछु ।

श्रीप्रसाद श्रेष्ठ
अध्यक्ष

वोधार्थ
श्री वडा कार्यलय १ देखी ७ सवै ( जानकारी को लागी )
श्री सुचना प्रविधि शाखा वेभसाईटमा राखीदिनुहुन तथा वडालाई मेल गरीदिनुहुन ।

Scanned with CamScanner

म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
चलानी नं.: 28

मिति :२०८३/०४/०१

**विषय** : निर्णय तथा कानुन र वजेट कार्यन्वयन सम्वन्धमा ।

श्री प्रमुख प्रशासकिय अधिकृत, ज्यू, विषयगत शाखा प्रमुख सहित गाउँपालिकामा कार्यरत सवै कर्मचारी म्याग्दे गाउँपालिका तनहुँ ।
श्री वडा अध्यक्ष, वडा सचिव, सहित वडामा कार्यरत सवै कर्मचारी ( वडा न. १ देखी ७ म्याग्दे गाउँपालिका तनहुँ )
श्री फिल्डमा कार्यरत स्वास्थ्य, कृर्षि, पशु, लगाएत सवै सेवाका सवै कर्मचारीहरु म्याग्दे गाउँपालिका तनहुँ
श्री सामुदायीक (सरकारी ) विद्यालय म्याग्दे गाउँपालिका तनहुँ ।

प्रस्तुत विषय सम्वन्धमा यस गाउँपालिकाको गाउँसभा र गाउँकार्यपालिका, वाट भएका निर्णय अनुसार स्वीकृत भएका ऐन, नियम, कार्यविधि मापदण्ड, वजेट तथा शंशोधन भएका ऐन, नियम, कार्यविधि, मापदण्ड लगाएत गाउँसभा र कार्यपालिकाले गरेका हाल सम्मका सवै निर्णयहरु स्वतह कार्यन्वयन गर्नुपर्ने व्यवस्था सगै विकाश निर्माण, सेवा प्रवाहा लाई थप प्रभावकारी वनाउनको लागी सवै तहवाट कार्यन्वयन गर्नुगराउनुहुन जानकारी तथा निर्देशन गर्दछु ।

श्रीप्रसाद श्रेष्ठ
अध्यक्ष

**वोधार्थ**
श्री विषयगत शाखा प्रमुख सवै (आफु मातहतका सवै तथा फिल्डमा रहेका लाई यसै अनुसार जानकारी तथा कार्यन्वयन गर्नु गराउनुहुन )
श्री वडा कार्यालय १ देखी ७ सवै ( यसै अनुसार गर्नु गराउनुहुन )
श्री सामुदायीक ( सरकारी ) विद्यालयहरु सवै म्याग्दे गाउँपालिका तनहुँ ( यसै अनुसार गर्नु गराउनुहुन)
श्री सुचना प्रविधि शाखा वेभसाईटमा राखीदिनुहुन ।

Scanned with CamScanner